# संयुक्त राष्ट्रसंघीय व्यापार र मानवअधिकार सम्बन्धी निर्देशक सिद्धान्त

## सन्दर्भमा नेपालको प्रचलित कानून तथा नीतिहरूको विश्लेषण

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)

# संयुक्त राष्ट्रसंघीय व्यापार र मानवअधिकार सम्बन्धी निर्देशक सिद्धान्त

## सन्दर्भमा नेपालको प्रचलित कानून तथा नीतिहरूको विश्लेषण


**अध्ययन**

अधिवक्ता शंकर लिम्बू

**सम्पादन**

टहल थामी



नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह

(लाहुर्निप)

अनामनगर, काठमाडौं

**प्रकाशक**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)
अनामनगर, काठमाडौं
पो.ब.नं.: ११९७९
फोन: +९७७-०१-४२६८५१०
इमेल: lahurnip.nepal@gmail.com
वेभसाइट: www.lahurnip.org

सर्वाधिकार लाहुर्निप ©, सन् २०१६

प्रथम प्रकाशन: सन् २०१६

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
मो.: ९८५१०८४३९३
इमेल: yetienter2016@gmail.com

**मुद्रण**
हिसी अफसेट प्रिण्टर्स प्रा.लि.
जमल, काठमाडौं
फोन नं: ०१-४२२६४१६

ISBN: 978-9937-9135-2-2

## प्रकाशकीय

आदिवासीहरू व्यापारसँग सम्बन्धित क्रियाकलापहरूबाट अधिक मात्रामा प्रभावित हुने गरेका छन् । विशेष गरी व्यापारिक क्रियाकलापहरूका कारण आदिवासीहरू विस्थापन हुने र भूमि तथा प्राकृतिक स्रोतसाधानमाथिको अधिकारबाट बिमुख हुने गरेका छन् । उनीहरूले ती असरहरूको दूरगामी र चौतर्फी प्रभाव भोग्नु पर्ने हुन्छ ।

तसर्थ व्यापारिक निकायहरूको क्रियाकलापहरूलाई नियमन गर्न तथा व्यवस्थापन गर्नका लागि संयुक्त राष्ट्रसंघीय व्यापार र मानवअधिकार सम्बन्धी निर्देशक सिद्धान्त प्रतिपादन भएको हो । यो सिद्धान्तले व्यापारिक निकायहरूले मानवअधिकारको अनिवार्य रुपमा सम्मान गर्नुपर्छ भन्ने प्रावधान राखेको छ ।

तर, नेपालका विद्यमान कानूनहरू यो सिद्धान्तसँग मेल नखाने प्रकारका छन् । साथै व्यापारिक निकायहरू पनि आदिवासी अधिकारका विषयमा संवेदनशील बन्न नसकेको यथार्थ कसैबाट छिपेको छैन ।

व्यापारिक क्षेत्रबाट हुने मानवअधिकार हनन बारे राज्य, व्यापारिक निकाय र आदिवासीहरूलाई जानकारी गराउन तथा नेपालको प्रचलित कानूनहरूमा भएको अभाव तथा खाडलहरूको विवरण पेश गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनबाट सम्बन्धित सरोकारवाला तथा अधिकारवालाहरू लाभान्वित हुने छन् भन्ने आशा तथा विश्वास लिइएको छ ।

शान्ति कुमारी राई
अध्यक्ष

# विषय सूची


प्रकाशकीय............................................................

पृष्ठभूमि............................................................ १

अध्ययनको उद्देश्य.................................................. १

अध्ययनको परिसीमा................................................ १

अध्ययनको छोट्करी विवरण र सुझाव........................... २

कानून, नियम, नीतिको तुलनात्मक तालीका.................... ५

स्रोत सामग्रीहरू.................................................... ५९

# पृष्ठभूमि

यस अध्ययनमा व्यापार र मानवअधिकार सम्बन्धी संयुक्तराष्ट्र संघीय निर्देशक सिद्धान्त (UN Guiding Prinicples on Business and Human Rights) (यसपछि नीतिगत सिद्धान्त भनिएको) सँग प्रचलित नेपाल कानून, नियम तथा नीतिहरूलाई तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले काम गरिरहेको विकास निर्माण सम्बन्धी, जलविद्युत, विद्युत प्रसारण लाईन, सडक निर्माण, सिमेण्ट फ्याट्री, खानेपानी परियोजना जस्ता थुप्रै विवाद तथा मुद्दाहरूको अनुभव समेतलाई दृष्टिगत गरिएको छ ।

### अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य नेपालमा कार्यरत कम्पनी, प्राधिकरण, सरकारी वा नीति संघसंस्थाहरूले आदिवासी जनजाति तथा स्थानीय समुदायसँग विवादरहित तवरले ती समुदायहरूलाई पर्नसक्ने सम्भावित पीरमर्का र नकारात्मक असरबाट बच्ने वा त्यस्तो असरको न्यूनीकरण तथा निदान गरी दीगो, शान्तिपूर्ण र स्वामित्वसहितको विकास गर्न नीतिगत सिद्धान्तले निर्दिष्ट गरेको मार्ग अवलम्बन गर्न सरकार, व्यापारिक निकाय, आदिवासी जनजाति र स्थानीय प्रभावित समूहलाई सहयोग पुऱ्याउने रहेको छ । त्यसको साथै कस्ता कानूनी तथा नीतिगत अवस्था (Base Line) विद्यमान छ, त्यसको सुधार कसरी गर्न सकिन्छ भनी सम्बन्धित पक्षहरूलाई जानकारी दिनेसमेत रहेको छ ।

### अध्ययनको परिसीमा

यस अध्ययन खासगरी डेस्क रिभ्युमा आधारित भएकोले यसले सम्पूर्ण विषय नसमेट्न सक्दछ । सम्पूर्ण विषय समेट्नलाई स्थलगत अध्ययन, प्राथमिक तथ्यांक (डाटा) संकलन गरी अध्ययन गरिएमा सबै विषय समेटिन सक्दछ ।

## अध्ययनको छोट्करी विवरण र सुझाव (Brief Findings and Suggestions)

प्रचलित नेपाल कानूनमा व्यापार तथा मानव अधिकार सम्बन्धी छुट्टै विशेष कानून छैन । त्यस्तै छुट्टै नीति रहेको देखिदैन । मानवअधिकारको विषयवस्तुलाई राज्यको दायित्व अन्तर्गत मात्र कानून तथा नीतिहरूले लिएको देखिन्छ । व्यापारिक कम्पनी, संघसंस्था, कर्पोरेशन आदिको क्रियाकलापले मानवअधिकारको हनन गरेमा उजूरी गर्न नसकिने भने होइन । कतिपय भौतिक विकास जस्तै जलविद्युत, सडक निर्माण जस्ता क्रियाकलापहरू राज्यले जसरी प्राथमिकताकासाथ बढाएको देखिन्छ, त्यसले त्यति नै आदिवासी जनजाति, स्थानीय समुदायहरूलाई आफ्नो थातथलो, जग्गा जमीनबाट विस्थापन, परियोजनाबाट कतिपय अवस्थामा आर्थिक, सामाजिक, साँस्कृतिक, जीवनशैली र जीविकोपार्जनमा नकारात्मक असर पारेको देखिन्छ । अर्कोतर्फ, नेपाल पक्षराष्ट्र रहेका मानवअधिकारका अन्तर्राष्ट्रिय कानूनहरूले प्रत्याभूत गरेको तल उल्लिखित अधिकारहरू परियोजनाको सन्दर्भमा उल्लंघन तथा हनन भएका देखिन्छन् ।

(१) परियोजनाको बारेमा पूर्ण सूचना नदिई सूचनाको हक
(२) अग्रीम सुसूचित स्वतन्त्र मञ्जूरी
(३) सहभागिता
(४) जबरजस्ती विस्थापन
(५) क्षतिपूर्ति तथा मुआब्जा
(६) परियोजनामा विकल्प दिन पाउने
(७) स्वच्छ वातावरणमा बाँच्न पाउने हक
(८) आदिवासी जनजातिको पहिचान र अधिकारको मान्यता
(९) वासस्थानको हक
(१०) अन्य

माथि उल्लिखित मानवअधिकारका विषयहरू प्रचलित संविधान तथा कानूनहरूमा पनि धेरै हदसम्म लिपिबद्ध गरिएका छन् । यद्यपि ती कानूनी प्रावधानहरूलाई लागू गरिन्न वा लागू गरिए पनि ठीक ढंगबाट कामकारबाही नहुँदा परियोजनाहरूसँग विवाद बढेर गइरहेको छ भने अर्कातिर कानून र न्यायमाथि नै जनताको विश्वास कमजोर हुँदै गइरहेको छ । व्यापारिक कम्पनी, प्राधिकरण, संघसंस्थाहरूको विश्वसनीयता वा उनीहरूप्रतिको आदिवासी जनजाति र स्थानीय समुदायको अवधारणा नकारात्मक बन्ने गरेको छ । नेपाल पक्षराष्ट्र रहेको विभिन्न अन्तर्राष्ट्रिय मापदण्डहरू तथा प्रचलित नेपाल कानूनहरूको सही ढंगले पालना गर्न पनि त्यतिकै चुनौतिहरू छन् । त्यसको लागि निर्देशक सिद्धान्तले मार्गचित्र प्रदान गर्ने भएकोले त्यसको प्रर्वद्धन गर्न जरुरी देखिन्छ ।

अध्ययनबाट व्यापारिक क्रियाकलापमा प्रचलित कानून तथा नीतिहरूले निर्देशक सिद्धान्तले तोके अनुसारको मानवअधिकार सम्मान र संरक्षण गर्नुपर्छ भन्ने स्पष्ट किटान गरिएको विशेष कानून, नियम वा नीतिको अभाव रहेको देखिन्छ । मानवअधिकारको विषय कम्पनी वा निजी संघसंस्थाहरूले पालना गर्नुपर्छ र उनीहरूले मानव अधिकारको हनन गरेमा राज्यले संरक्षण गराउनु पर्ने दायित्व विभिन्न छरिएर रहेका कानूनमा खोज्न पर्ने अवस्था छ । ती कानूनहरू स्वयंमा प्रष्ट रहेको देखिँदैन । मानवअधिकारको उल्लंघनमा राज्यलाई कारवाही गर्ने उपचारका संयन्त्र (अदालत, मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय संयन्त्र) भए तापनि कम्पनी तथा निजी क्षेत्रहरूलाई कारबाहीको दायरामा ल्याउने प्रष्ट संयन्त्र देखिदैन । गैरन्यायिक विवाद निरोपणका लागि मेलमिलाप ऐन रहेको छ । यद्यपि त्यो पनि प्रष्ट छैन । यी सम्पूर्ण कानूनी तथा नीतिगत कमीकमजोरीलाई निम्न अनुसार सम्बोधन गर्न सकिन्छ ।

- व्यापार मानवअधिकार सम्बन्धी संयुक्तराष्ट्रसंघीय निर्देशक सिद्धान्त (UN Guiding Prinicples on Business and Human Rights) लाई व्यापक सार्वजानिक, प्रचार प्रसार गरी प्रर्वद्धन गर्ने ।

- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्त (UN Guiding Prinicples on Business and Human Rights) राष्ट्रिय कार्यान्वयन कार्ययोजना (National Action Plan-NAP) बनाउन सरकारलाई तथा व्यापारिक निकायहरूलाई प्रोत्साहित गर्ने र निर्माण गर्ने ।
- कानून तथा नीतिगत अध्ययन गरी निर्देशक सिद्धान्त बमोजिम प्रचलित कानून, नियम र नीतिमा सुधार र एकरुपता कायम गर्ने ।
- व्यापारिक क्षेत्रमा काम गर्ने कम्पनी, प्राधिकरण वा संघसंस्थालाई मानव अधिकारप्रति जवाफदेही बनाउने र उल्लंघन रोक्नको लागि परियोजनाको सम्भाव्य अध्ययन, अनुमति, परियोजना स्वीकृति, कार्यान्वयनदेखि मूल्यांकन हरेक चरणमा आदिवासी जनजाति, स्थानीय समुदायसँग सहकार्य, सहभागिता, परामर्श र अग्रीम सुसूचित स्वतन्त्र मञ्जूरीसहितको अधिकारप्रति सचेत र परिपालन गर्न लगाउने सम्बन्धित सरकारी निकायको दायित्व अनिवार्य लागू गर्ने ।
- समुदाय स्तरमा नै गुनासा तथा उजूरी सुन्ने न्यायिक, अर्धन्यायिक वा विवाद समाधानका वैकल्पिक उपायको व्यवस्था राज्य तथा कम्पनीले गर्ने ।
- विस्थापन, जग्गाजमीन अधिग्रहण, जीविकोपार्जनका साधनबाट बन्चितलगायतका मानवअधिकार उल्लंघन नहुने अवस्था सृजना गर्ने । यस्ता कार्यको लागि विकल्प हेर्ने, अग्रीम सुसूचित स्वतन्त्र मञ्जूरी विना यस्तो कार्य नगर्ने, पर्याप्त र न्यायिक मुआब्जा तथा क्षतिपूर्ति तत्काल उपलब्ध गराउने । घरबासको व्यवस्था विना विस्थापन नगर्ने ।

**व्यापार र मानव अधिककारसँग सम्बन्धित कानून, नियम, नीतिको तुलनात्मक तालीका** (Metrix)

| राज्यको आधारभूत नियम र नीतिगत काम कारबाही | | | | | |
|---|---|---|---|---|---|
| **निर्देशक सिद्धान्तको प्रावधान** | **संविधान** | **अन्तर्राष्ट्रिय कानून** | **प्रचलित कानून** | **प्रचलित नीति** | **कैफियत** |
| कम्पनी, प्राधिकरण, कर्पोरेशन, ठेक्कपट्टा गर्ने फर्म, व्यापारिक संघसंस्था लगायतलाई निर्देशक सिद्धान्तको परि पालन र कार्यान्वयन गर्ने कार्ययोजना (NAP) को निर्माण | **सम्पत्तिको मौलिक हक**: सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्तगर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिजर्ना गर्ने छैन । धारा २५ (२) (३) | **अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९**: आदिवासी/जनजातिको सहभागिता तथा प्रतिनिधित्वमा उनीहरूको अधिकारको प्रत्याभूति तथा उनीहरूको प्रतिष्ठा/अखण्डता (Dignity/अधिकारको विश्वव्यापी | | मानवअधिकार कार्यान्वयन कार्ययोजना | निर्देशक सिद्धान्तको परिपालन र कार्यान्वयन गर्ने । कार्ययोजना (National Action Plan to implement United Nations Guiding Principles on |

| निर्देशक सिद्धान्तको प्रावधान | संविधान | अन्तर्राष्ट्रिय कानून | प्रचलित कानून | प्रचलित नीति | कैफियत |
|---|---|---|---|---|---|
| | उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार कार्यप्रणाली ऐन बमोजिम हुनेछ । | सम्मानको लागि समन्वय र योजनाबद्ध कार्य गर्नुपर्ने सरकारको जिम्मेवारी पूरा गर्ने । | | | Rights–NAP) सरकारले बनाउन आवश्यक भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| मानवअधिकार सम्बन्धी कानून नीति, निर्माण गरी कम्पनीहरूलाई पालना गर्न दायित्व तोक्ने | मौलिक हक, मानव अधिकारप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने (संविधानको प्रस्तावना अनुच्छेद ५)<br><br>१. संविधान मूल कानून: (१) यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको | अन्य मानव अधिकारका अन्तर्राष्ट्रिय कानूनका अलावा तल उल्लिखित कानूनहरूको नेपाल पक्षराष्ट्र रहेको छ:<br><br>(१) मानव अधिकार को विश्वव्यापी घोषणापत्र<br><br>(२) सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि, १९६९ | **नेपालको संविधान,** (२०७२)<br><br>....लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार ...कानूनी शासनको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने (प्रस्तावना) | **चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना** २०७१/०७२–२०७५/०७६ | कम्पनीलाई मौलिक हकको उल्लंघन गरेको विषयमा विपक्षी बनाउन सकिन्छ । यद्यपि कम्पनी, कर्पोरेशन तथा व्यापारिक संस्थाहरूलाई मानवअधिकार परिपालन गराउने कानून रहेको छैन । |

| | | | | | |
|---|---|---|---|---|---|
| | हदसम्म अमान्य हुनेछ । (२) यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । धारा १७. स्वतन्त्रताको हक: (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बन्चित गरिने छैन । | (३) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६<br><br>(४) आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६<br><br>(५) अन्तर्राष्ट्रिय श्रम संगठनको आठवटै मुख्य महासन्धि | मौलिकहक: सम्मानपूर्वक बाँच्न पाउने हक, नेपालको कुनै पनि भागमा पेशा, रोजगारी गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सन्चालन गर्ने स्वतन्त्रता, सूचनाको हक, आवासको हक, सम्पत्तिको हक, | **चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना** २०७१/०७२–२०७५/०७६ | वातावरण ऐन, २०५३ को व्यवस्था अनुसार परियोजना सन्चालन गर्ने संस्थाले EIA वा IEE गर्नुपर्ने । त्यसबाट वातावरणमा प्रतिकूल प्रभाव पर्ने अवस्था सृजना गर्न नहुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ (ब) नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता, (च) नेपालको कुनै पनि भागमा पेशा, रोजगारी गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सन्चालन गर्ने स्वतन्त्रता । | (६) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९<br><br>(७) आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ | संवैधानिक उपचार प्राप्त गर्ने हकलगायतका मौलिक हकको व्यवस्था<br><br>**सम्पत्तिको हक सीमित गरिने अवस्थाः**<br><br>सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण नगर्ने, | | प्रदुषकले प्रदुषणमा परी हानी पुग्नेले क्षतिपूर्ति भराई माग्न पाउने भए तापनि यस विषयमा विषयगत कानून नभएको हुनाले कानून बनाउन जरुरी । |

| | | | | | |
|---|---|---|---|---|---|
| | **राज्यले निम्न कार्य गर्न सक्दछ**: कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सन्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाउन सक्ने | | प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिजर्ना गर्ने छैन । (धारा २५.२)<br><br>स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक:<br><br>वातावरणीय प्रदूषण वा ह्रासबाट हुने | | प्रदुषकले प्रदुषणमा परी हानी पुग्नेले क्षतिपूर्ति भराई माग्न पाउने भए तापनि यस विषयमा विषयगत कानून नभएको हुनाले कानून बनाउन जरुरी । |

| | | | | | |
|---|---|---|---|---|---|
| | (धारा १७ को प्रतिबन्धात्मक व्यवस्थाको उपधारा ६) | | क्षतिवापत पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।<br>**निर्देशक सिद्धान्त अन्तर्गत राज्यको दायित्व**<br>नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको पालना गर्ने | | प्रदुषकले प्रदुषणमा परी हानी पुग्नेले क्षतिपूर्ति भराई माग्न पाउने भए तापनि यस विषयमा विषय कानून नभएको हुनाले कानून बनाउन जरुरी । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विकास सम्बन्धी नीति :<br><br>(१) क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका नीति र कार्यक्रमहरू तर्जूमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनूकल गुणस्तरीय तथा दिगोरूपमा भौतिक पूर्वाधारको विकास गर्ने,<br><br>(३) विकास निमार्णको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिंदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने, स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्न, (धारा ५१छ (१) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **नेपाल सन्धि ऐन, २०४७**<br>नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय सन्धिको प्रावधान नेपाल कानून सरह लागू हुने छ । सन्धिको प्रावधानसंग नेपाल कानूनको प्रावधान बाभिने अवस्था भएमा अन्तर्राष्ट्रिय कानूनको व्यवस्था लागू हुन्छ ।<br>(दफा ९) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **नागरिक अधिकार सम्बन्धी ऐन, २०१२**<br><br>दफा ५ (ख) धर्म, गुठी र सदावर्त इत्यादिको हकमा प्रचलित ऐन, नियम, रीति बमोजिम हुनेछ । यसमा कसैले हस्तक्षेप गर्नहुँदैन ।<br><br>दफा ६(६) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचविखन गर्ने अधिकार हुने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ८ प्रचलित नेपाल कानूनको अख्तियार विना कुनै व्यक्तिको सम्पत्ति अपहरण गरिने छैन ।<br><br>दफा ९ प्रचलित नेपाल कानूनको अख्तियार विना कुनै नागरिकको बासस्थानमा जबरजस्ती प्रवेश गरिने छैन । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा १८. दफा ८ र ९ को विरुद्ध नेपाल सरकारले कुनै नागरिकको चल-अचल सम्पत्ति अपहरण गरेमा वा नोक्सान पारेमा सो नागरिकले नेपाल सरकार उपर हर्जाना वा हर्जानासहित आफ्नो सम्पत्ति फिर्ता पाउँ भनी पुनरावेदन अदालतमा उजूर गर्न सक्छ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **मानव अधिकार सम्बन्धी ऐन, २०६८**<br><br>दफा २० ...<br>मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसंग आवश्यक सम्पर्क र सम्बन्ध राखी सहयोग आदान प्रदान गर्ने सम्झौता गर्न सक्नेछ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी ऐन,<br><br>**सूचना सम्बन्धी हक, २०६४**<br><br>राज्यको काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शीबनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजानिक निकायमा रहेको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वदेनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने<br><br>यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५**<br><br>1. १०.१ नेपाल सरकारको सम्बन्धित निकाय, कुनै संगठित संस्था वा नगर पञ्चायत वा स्थानीय जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (Guideline Development) कार्यक्रम सञ्चालन गर्ने, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **नगर विकास ऐन, २०४५**<br><br>१२.१ नेपाल सरकारको सम्बन्धित निकाय, कुनै संगठित संस्था वा नगर पञ्चायत वा स्थानीय जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (Guideline Development) कार्यक्रम सञ्चालन गर्ने, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कम्पनी, कर्पोरेशन, व्यापार गर्ने संघसंस्थाले पालना गर्नुपर्ने मानव अधिकारको विषय बारे नीतिगत निर्देशन | | **विश्व बैंकका नीतिहरू:**<br><br>Bank Procedures (BPs) विश्व बैंकको प्रक्रियागत कार्यविधि “यस नीति अन्तर्गत कर्मचारीहरूले बैंकको सन्चालन नीतिमा उल्लिखित कुराहरूलाई कसरी लागू गर्ने भन्ने कुरालाई जानकारी दिन्छ। यसले बैंकमा विस्तृत रुपमा एकरुपता र गुणरस्तर कायम | | **चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना** २०७१/०७२–२०७५/०७६<br><br>नयाँ शहरको निर्माण गर्दा<br><br>नयाँ शहरको निर्माण गर्दा स्थानीय आदिवासी/जनजाति तथा दलित व्यक्तिहरूलाई सम्भव भएसम्म रोजगारी दिने । | आदिवासी जनजातिहरूको अधिकारको सम्मान, संरक्षण र सुरक्षा सम्बन्धी राष्ट्रिय नीति रहेको देखिदैन ।<br><br>अन्तर्राष्ट्रिय कानून, संविधानमा भएको प्रावधान अनुरुप जनवकालत गर्नपर्ने देखिन्छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गराउने कुरालाई प्रष्ट पार्दछ । Operational Policies (OPs) सन्चालन नीति” कामकारबाही सन्चालन गर्न परिसीमा (पारामिटर) तय गर्दछ । यसले कस्तो परिस्थितिमा नीतिको अपवादात्मक अवस्था लागू हुन्छ र कसले त्यस कुराको तय गर्ने अख्तियारी राख्दछ भन्ने प्रष्ट पार्दछ । | | पूर्वाधार निर्माणसम्बन्धी कामको सामान्य जानकारी दिने कार्यक्रम आयोजना गर्ने<br><br>**उद्देश्य** :<br><br>आदिवासी/जनजातिहरूको अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय मानव अधिकार सिद्धान्त र मापदण्ड अनुसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | Environmental Assessment (4.01): वातावरण विश्लेषण (४.०१) वातावरणमा सम्भावित रुपमा पर्नसक्ने खतरा, प्रभाव तथा विकल्पको विषयमा मूल्यांकन मापदण्ड ।<br><br>Natural Habitats (4.04): प्राकृतिक बासस्थान (४.०४) जैविक विविधता र प्राकृतिक बासस्थानहरूको संरक्षण सम्बन्धी नीति | | कानूनहरूको नयाँ निर्माण गर्ने तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।<br><br>**कार्यक्रम**<br><br>(१) आदिवासी/<br><br>जनजाति समुदायसंग सम्बन्धित मौजुदा कानूनको पुनरावलोकन गर्ने र नयाँ कानून तर्जूमा गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | Pest Management (4.09): विषादी व्यवस्थापन (४.०९) हानिकारक विषादीहरूको गलत प्रयोगको विरुद्ध संरक्षित हुने नीति ।<br><br>Indigenous Peoples (4.10): आदिवासी जनजाति सुरक्षात्मक नीति (४.१०) आदिवासी जनजाति र समुदाय आश्रित भएको परम्परागत भूमि तथा स्रोतमा | | (२)आदिवासी / जनजातिको अधिकार संरक्षण गर्ने सम्बन्धी ILO Convention No 169 को कार्यान्वयनको लागि तयार भएको राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारबाट अनुमोदन गरी स्वीकृत गर्ने, कानूनको पुनरावलोकन गरी परिमार्जन गर्ने वा नयाँ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामुदयिक सम्बन्धको मान्यता, सूचनासहितको सहभागिता, संरक्षण, अग्रीम सुसूचित स्वतन्त्र परामर्श, लाभमा पहुँचलगायत अधिकारको संरक्षण<br><br>(२) समुदायको व्यापक समर्थन अन्तर्गत परियोजना क्षेत्रका मुख्य समुदायले परियोजना संचालन गर्न सहमत हुनपर्ने। | | कानून तर्जूमा गरी कार्यान्वयन गर्ने ।<br><br>(३) संयुक्त राष्ट्रसंघको आदिवासी/जनजाति अधिकारसम्बन्धी घोषणापत्रमा व्यवस्था गरिएका प्रावधानहरू बमोजिम कार्यक्रमहरू बनाई लागू गर्ने । कार्यक्रमको सूचक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यापक समुदायको समर्थन नभए विश्व बैंकले लगानी गर्दैन ।<br><br>(३) सूचना संकलनको निम्ति परियोजना स्वीकृत गर्न वा शुरु गर्न अगावै सरकारले सामाजिक विश्लेषण गर्नुपर्छ । यस कार्य गर्दा आदिवासीहरूको प्रथा, परम्परा, परम्परागत रुपमा भूमिको उपयोग, प्राकृतिक स्रोत, | | ILO Convention No.169 कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गरेको हुने (कार्ययोजनाको पृ. ४०) । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वन जंगल, जडिबुटीलगायतले जीविकोपार्जनको लागि आवश्यकता तथा रीतिरिवाज, पूजाआजा र संस्कृतिमा नभई नहुने स्रोतसमेत पंजीकरण गर्नुपर्छ ।<br><br>सामाजिक विश्लेषणको उद्देश्य आदिवासी जनजातिलाई परियोजनाले कसरी कुन हदसम्म असर पार्छ भन्ने हेर्नु पर्दछ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कुनै परिस्थितिमा वातावरणले कसरी प्रभाव पार्दछ भन्ने पनि विश्लेषणमा पर्नु पर्दछ ।<br><br>परियोजनाको उद्देश्य त्यसले आदिवासी जनजातिलाई पार्ने प्रभाव अन्य सामाजिक सवालहरूलाई कसरी सम्बोधन गर्ने सबै सूचना आदिवासी जनजातिले बुझ्ने भाषामा उपलब्ध गराउनु पर्नेछ । | | | |

**मानव अधिककार हननको विषयमा रोकथाम, अनुसन्धान, सजाय र क्षतिपूर्तिलगायतका कार्यबाट सच्याउने कामकारवाही** (Due Diligence)

| **निर्देशक सिद्धान्तको प्रावधान** | **संविधान** | **अन्तर्राष्ट्रिय कानून** | **प्रचलित कानून** | **प्रचलित नीति** | **कैफियत** |
|---|---|---|---|---|---|
| व्यापारिक गतिविधिले मानव अधिकारमा पार्ने नकारात्मक प्रभावहरू पहिचान गर्ने, त्यसबाट बच्ने उपाय अपनाउने, क्षति न्यूनीकरण तथा निदानका उपायहरू | मानवअधिकार आयोग मानवअधिकारको उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने। धारा २४९ (ख) | (ग) प्रभावित जनताको सहभागिता र सहयोगमा यस्ता जनताले जीवन तथा कामका नयाँ अवस्थाहरूको सम्बन्धमा अनुभव गरेका कठिनाईहरू न्यूनीकरण गर्ने उद्देश्य भएका नीतिहरू ग्रहण गरिनेछ (ILO C. N0.169 Art. 5.c) | **राष्ट्रिय मानव अधिकार ऐन, २०६८** मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने (धारा ४. छ) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| मानव अधिकारमा पर्ने नकारात्मक असरका गुणात्म र परिमाण दर्शाउने सूचक विकास गर्नुपर्ने ।<br><br>प्रभावितहरूको सुझावहरू मागी उल्लिखित क्रियाकलापमा लिने । | वातावरणीय प्रदुषण वा ह्रासबाट पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (धारा ३०.२) | सम्बन्धित जनताहरूलाई आफ्नो जीवन, आस्था, संस्था तथा आध्यात्मिक कल्याण तथा निजहरूले ओगटेको वा अन्य किसिमले प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासको प्रक्रियाका लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने तथा सम्भव भएको हदसम्म आफ्नो आर्थिक, | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामाजिक तथा साँस्कृतिक विकास उपर नियन्त्रण कायम राख्ने अधिकार हुनेछ । यसका अतिरिक्त निजहरूलाई प्रत्यक्ष रुपमा प्रभाव पार्नसक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना र कार्यक्रमहरूको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा निजहरू सहभागी हुनेछन् (ILO C. No. 169 Art. 7.1) | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र**, 2007 (UNDRIP)आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सूचित सहमतिबिना उनीहरूको भूमि वा क्षेत्रमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा विसर्जन गरिने छैन भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (UNDRIP, Art. 29.2)<br><br>आदिवासी जनजातिसँग आफ्नो भूमि वा क्षेत्र वा अन्य संसाधनहरूको विकास वा प्रयोगका लागि प्राथमिकता र रणनीतिहरू निर्धारण गर्ने तथा तयार गर्ने अधिकार छ ।<br>(UNDRIP, Art. 32.1)<br><br>आदिवासी जनजातिको भूमि वा क्षेत्र वा अन्य | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संसाधन विशेषगरी खनिज, जल वा अन्य संसाधनको । विकास, उपयोग वा शोषणसँग सम्बन्धितलाई प्रभावित पार्ने कुनै आयोजना स्वीकृत गर्नुपूर्व राज्यहरूले आदिवासी / जनजातिको स्वतन्त्र तथा सूचित सहमति प्राप्त गर्नका लागि उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूका माध्यमबाट सम्बन्धित आदिवासी | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जनजातिसँग असल नियतले (Good Faith) परामर्श तथा सहयोग गर्नेछन् । (UNDRIP, Art.32.2) राज्यहरूले त्यस्ता कुनै पनि क्रियाकलापका लागि उचित तथा न्यायपूर्ण क्षतिपूर्तिका लागि प्रभावकारी संयन्त्र उपलब्ध गराउनेछन् र नकारात्मक वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक वा आध्यात्मिक प्रभाव न्यूनीकरणका लागि उपाय अवलम्बन गरिनेछ ।(UNDRIP, Art. 32.3) | | | |

| कम्पनी, कर्पोरेशन, व्यापारिक संस्थाहरूको मानव अधिकार सम्मानको लागि दायित्व | | | | | |
|---|---|---|---|---|---|
| **निर्देशक सिद्धान्तको प्रावधान** | **संविधान** | **अन्तर्राष्ट्रिय कानून** | **प्रचलित कानून** | **प्रचलित नीति** | **कैफियत** |
| (१) मानव अधिकार हनन नहुने अवस्था सृजना गर्ने, हनन गरिएमा मानव अधिकारको सम्मान हुनेगरी सामान्यकरण गर्ने र मानव अधिकारको उल्लंघको उचित उपचारको व्यवस्था गर्ने । | संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य धारा (१)(२) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा... उदासीनता | सामुहिक मानव अधिकार अन्तर्गत भूमि, प्राकृतिक स्रोतमाथिको अधिकार, सामुहिक निर्णय गर्ने संयन्त्र र प्रक्रियाको मान्यता, आदिवासी जनजातिलाई पृथक समूहको मान्यता । | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजातिको परिभाषा गरी ५९ समुदायलाई सूचिकृत गरेको । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| (२) आफ्ना व्यापारिक क्रियाकलाप वा सेवाबाट वा साझेदार तथा सेवा प्रदायकबाट कुनै नकारात्मक असर परेमा त्यसलाई रोक्ने, असरलाई निदान गर्ने कार्य गर्ने नीति निर्माण गर्ने र कार्यविधि र प्रक्रियाहरूमा (Due diligence) अन्तर्राष्ट्रिय मानव अधिकारका | देखाएमा त्यस्तो अधिकारीलाई विभागीय कारबाहीको सिफारिश मानव अधिकार आयोगले गर्नेछ धारा २४९ (ख) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्था विरुद्ध मुद्दा चलाउन अदालतमा सिफारिश गर्ने मानव अधिकार आयोगको काम कर्तव्यभित्र पर्ने | | स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली,२०५६ विकास योजना तर्जूमा कार्यान्वयनको सन्दर्भमा स्रोत नक्शा बनाउँदा गरिबी र सामाजिक परिचालन नक्शांकन एवं दलित तथा जनजातिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कानूनहरू, अन्तर्राष्ट्रिय श्रम संगठनको आधारभूत घोषणापत्र तथा कार्यस्थलमा अधिकारको सम्मान गर्ने र हनन भएमा उपचारको व्यवस्था गराउने (नोट कार्यविधि र प्रक्रिया अन्तर्गत कम्पनी, साझेदार र सेवा प्रदायकहरूले गर्ने काम कारबाहीमा मानव अधिकारलाई | (धारा २४९ (ग) ३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूको कार्यान्वयन गर्ने (धारा ५१.ख.३) | | अवस्थिति उल्लेख गर्नुपर्ने । **राष्ट्रिय उर्जा संकट निवारण ऐन**, २०७२ विद्युत प्रसारण लाईनको Right of Way मा परेका जग्गा उपयोगितामा ह्रास आउने भएकोले सो जग्गाको निर्धारित मूल्यको १० प्रतिशत | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नकारात्मक असर नपुऱ्याउनेतर्फ ध्यान दिने, दिन लगाउने, यदि नकारात्मक असर पुगे निदान (Redress) गराउने र प्रभावकारी, सहज र शुलभ उपचारको व्यवस्था गराउने ) | | | क्षतिपूर्ति दिने व्यवस्थाबाट जग्गा प्राप्तिमा समस्या देखिएकोले थप क्षतिपूर्ति कार्यविधि तयार गरी वार्षिक भाडाको रुपमा उपलब्ध गराइने । त्यसको व्यवस्थापकीय जिम्मेवारी सम्बन्धित गा.वि.स. / नगर पालिकामार्फत मिलाइनेछ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (५.१.४ख) जग्गाको मूल्यांकन गर्दा मालपोतको रेट, चलन चल्तीको रेट, जग्गाको व्यावसायिकता तथा अन्य उपयुक्त | | |

| उपचारको माध्यमबाट न्यायमा पहुँच | | | | | |
|---|---|---|---|---|---|
| **निर्देशक सिद्धान्तको प्रावधान** | **संविधान** | **अन्तर्राष्ट्रिय कानून** | **प्रचलित कानून** | **प्रचलित नीति** | **कैफियत** |
| कम्पनीहरूले मानव अधिकारको हनन गरेमा राज्यले प्रभावकारी उपचार निम्न माध्यमबाट प्रदान गर्नुपर्ने : (क) न्यायिक (ख) प्रशासनिक व्यवस्थापकीय (ग) अन्य (गैर न्यायिक, गैर प्रशासनिक) | न्यायिक निकाय मौलिक हकको उल्लंघन भएमा रीट निवेदन लिएर सर्वोच्च अदालत, पुनरावेदन अदालतमा जान सकिने । **राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकार** (धारा २४९) | | **उजूरी सुन्ने अदालत (न्यायिक अंग तथा निकाय)** नागरिक अधिकार ऐन, २०१२ नागरिक ऐनमा लेखिएका नागरिकको अधिकार उल्लंघन | | विकासको नाममा गरिने क्रियाकलापबाट हुन गएका मानव अधिकारको अदालतबाट प्रभावकारी र व्यावहारिक, चुस्त र छिटो न्याय पाउनमा चुनौति रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा .. छानवीन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिश गर्ने ।<br><br>मानव अधिकार को उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने । (धारा २४९ .घ) | | भएमा पुनरावेदन अदालतमा उजूर गर्न सकिने । सर्वोच्च अदालत नियमावली, २०४९ (१) कुनै कानूनलाई संविधानका प्रावधान विपरीत भए असंवैधानिक र बदर घोषित गराउन सकिन्छ । सार्वजनिक सरोकारको विषयमा | | अदालतबाट अधिकमा अधिक क्षतिपूर्तिको विषयमा फैसला हुने गरेका छन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संवैधानिक कानूनी प्रश्नको निवारणको लागि कसैले निवेदन दिन सक्छ । (नियम ४०) (२) स्वच्छ वातावरणमा बाँच्न पाउने, आवास, सम्पत्ति, राज्यको हरेक संरचनामा सहभागिता लगायतको मौलिक हक तथा कानूनी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हकको उल्लंघनमा अर्को उपचारको व्यवस्था नभए वा भए पनि प्रभावकारी नभए हक संरक्षणको लागि रीट निवेदनमार्फत, उत्प्रेषण, अधिकारपृच्छा, परमादेश वा अन्य उपयुक्त आज्ञा वा आदेश माग गर्न सकिन्छ। (४०.२) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (३) अदालतले उचित र आवश्यक देखेमा माथि १ र २ को निवेदनमा कामकारबाही यथास्थानमा राख्न अन्तरिम आदेश जारी गर्न सक्छ । (नियम ४१)<br><br>**न्याय प्रशासन ऐन, २०४७**<br>पुनरावेदन अदालतको अधिकार क्षेत्र: कुनै निकाय वा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त अधिकारमा आघात पुऱ्याएमा, सो अधिकार प्रचलनको लागि आवश्यकता अनुसार बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिशेध वा अधिकारपृच्छा वा निषेधाज्ञा जारी गर्न सक्छ (दफा ८) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **उजूरी सुन्ने प्रशासनिक निकाय** नेपाल सरकार गृह मन्त्रालय: कुनै परियोजनाको लागि जग्गा अधिग्रहणको सूचना निस्केपछि ७ दिनभित्र आफ्नो जग्गा नपर्ने कारण खोली स्थानीय अधिकारीको कार्यालयमार्फत गृहमन्त्रालयलाई उजूरी गर्न पाइन्छ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (जग्गा प्राप्ति ऐन, २०३४ दफा ११)<br><br>**वातावरण निरीक्षक** प्रदुषण कम गर्ने वा हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपमा गर्न गराउन नियुक्त गरिन्छ (वातावरण संरक्षण ऐन, २०५३ दफा ८) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **व्यवस्थापकीय उपाय**<br>व्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समितिले सरकारद्वारा प्रचलित ऐन नियम अनुरुप भए गरेका कामकारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।<br>**विवाद समाधानका वैकल्पिक उपायहरू** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मेलमिलाप सम्बन्धी ऐन, २०६८<br>मुद्दा हेर्ने निकाय समक्ष दायर भएको वा नभएको मुद्दा प्रचलित कानून बमोजिम मिलापत्र हुनसक्ने विवाद पक्षले चाहेमा यस ऐन बमोजिम कार्यविधि अपनाई मिलापत्र हुन सक्छ (दफा ३.२) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुलुकी ऐन अ.ब.को १८२ अनुसार नेपाल सरकार वादी हुने फौज्दारी मुद्दा, घुस मुद्दामा मिलापत्र हुन सक्दैन । अरुमा मुद्दाको फैसला नहुँदै जुनसुकै तहमा मिलापत्र हुन्छ । यस्तोमा मिलापत्र बमोजिम भएन भन्ने बाहेक पुनः मुद्दा लाग्दैन । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मेलमिलाप परिषद्मा सर्वोच्च अदालतको बहालवाला न्यायधीश, उद्योग बाणिज्य संघको प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, जसमा एक महिला गरी ९ सदस्य रहन्छन् (मेलमिलाप ऐन दफा २६) परिषद्ले अन्य कामकुराका अलावा स्थानीय स्तरमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सामुदायिक मेलमिलापको स्थायी संरचनाको प्रारुप तयार गरी सरकार समक्ष सिफारिश गर्नेछ । (दफा २७) सामुदायिक मेलमिलाप सम्बन्धी विशेष व्यवस्था समुदायमा आधारित संयन्त्रद्वारा समुदायका विवाद यस ऐन बमोजिम समाधान गर्ने । विवाद भएपछि वा विवाद उत्पन्न | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हुन अघि नै मेलमिलापकर्ताको समूह तयार गर्नेछ, जसमा निम्न व्यक्ति रहनेछन् (दफा ३३):<br>समुदायका प्रतिष्ठित व्यक्तिहरू<br>सामुदायिक संस्थाले तोकेका व्यक्तिहरू<br>समाजसेवी<br>स्थानीय शिक्षकहरू<br>सामुदायिक मेलमिलापको लागि आवश्यक | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यविधि सम्बन्धित समुदायको भेलाले तय गर्नेछ । मेलमिलापलाई स्थानीय निकायमा अभिलेख गर्न सकिनेछ । (दफा ३४) मेलमिलापद्वारा विवाद निरुपण भएको सम्बन्धित पक्षलाई बाध्यकारी हुनेछ । (दफा ३९) | | |

# स्रोत सामग्रीहरू


- नेपालको संविधान, (२०७२)
- मुलुकी ऐन, २०२०
- नेपाल सन्धि ऐन, २०४७
- नागरिक अधिकार सम्बन्धी ऐन, २०१२
- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- मानव अधिकार सम्बन्धी ऐन, २०६८
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५
- नगर विकास ऐन, २०४५
- राष्ट्रिय उर्जा संकट निवारण ऐन, २०७२
- न्याय प्रशासन ऐन, २०४७
- मेलमिलाप सम्बन्धी ऐन, २०६८
- वातावरण संरक्षण ऐन, २०५३
- जग्गा प्राप्ति ऐन, २०३४
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- सर्वोच्च अदालत नियमावली, २०४९
- सूचना सम्बन्धी हक, २०६४
- चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना २०७१/०७२-२०७५/०७६
- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९

- United Nations Guiding Priciples on Business and Human Rights
- Unted Nations Declaration on the Right of Indigenous Peoples
- International Labour Organisation Convention No. 169

**World Bank Policies**

- Bank Procedures (BPs)
- Operational Policies (OPs)
- Environmental Assessment
- Natural Habitats
- Pest Management
- Indigenous Peoples

ISBN 9937-9135-2-2
9 789937 913522